# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, पुस ६ गते २०३८ साल ( संख्या ३६

### निर्वाचन आयोगको
### सूचना

निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) (दोस्रो संशोधन) नियमहरू, २०३८

निर्वाचन (आन्तरिक कार्य व्यवस्था) नियमहरू, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट निर्वाचन आयोग ऐन, २०२४ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले बनाएको देहायका नियमहरू स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) (दोस्रो संशोधन) नियमहरू, २०३८" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) नियमहरू, २०२५ को नियम ९ मा संशोधनः निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) नियमहरू, २०२५ (यसपछि मूल नियमहरू भनिएको) को नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६. पारिश्रमिक तथा भत्ता दिने: (१) आयोगले निर्वाचनको कामको निमित्त बढीमा राजपत्राङ्कित तृतीय श्रेणीसम्मको म्यादी पदको दरबन्दी बढीमा ६ महीनासम्मको लागि आवश्यक भएजति संख्यामा सिर्जना गर्न सक्नेछ ।

(२) आयोगले आवश्यक ठहऱ्याएमा गैरसरकारी व्यक्तिहरूलाई पनि निर्वाचनको काममा खटाउन सक्नेछ । त्यसरी खटिने गैरसरकारी व्यक्तिको परिचय, विवरण र लगत राख्नु पर्नेछ । आयोगले त्यस्तो व्यक्तिलाई दिने पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता श्री ५ को सरकारको प्रचलित नियम अनुसार दिन सक्नेछ ।

तर त्यस्तो पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ताको दर श्री ५ को सरकारको राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीले पाउने रकमभन्दा बढी हुनेछैन ।

(३) निर्वाचनको कामको सिलसिलामा खटिएका कर्मचारीहरूले आफू खटिएको जिल्लाभित्र वा बाहिर भ्रमण गर्दा सो खटिएको अवधिभर पूरा दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

(४) आयोगले निर्वाचनको काममा खटाएका सरकारी कर्मचारीहरूलाई विशेष भत्ता थप दिन सक्नेछ ।

तर यसरी दिइने थप भत्ता कर्मचारीले पाउने दैनिक भत्ताभन्दा बढी हुनेछैन ।"

३. मूल नियमहरूमा नियम ९ क थप: मूल नियमहरूको नियम ९ पछि देहायको नियम ९ (क) थप गरिएको छ ।

"९ क. दरभाउ वा बोलपत्र: (१) निर्वाचनको लागि मतपत्र छपाउँदा आयोगले दरभाउ वा बोलपत्र लिनु पर्नेछैन ।

(२) निर्वाचनको कामका लागि आवश्यक माल सामानहरू खरीद गर्दा दरभाउ वा बोलपत्र लिन संभव छैन भन्ने लागेमा आयोगले दरभाउ वा बोलपत्र नलिई बजारबाट खरीद गर्न सक्नेछ ।"

आज्ञाले–
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।